मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन ५ गते सोमवार (Monday, July 20. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

शहीद डिल्लीगौतमको स्मृति सभाः पृष्ठ ३



## भारतीय तस्करद्वारा सशस्त्र प्रहरीमाथि आक्रमण

पार्थ मण्डल

**भद्रपुर, असार ४।** भारतीय तस्कर समूहले झापाका सीमामा तैनाथ सशस्त्र प्रहरीमाथि आक्रमण गर्दा सशस्त्र प्रहरीका दुई जवान घाइते भएका छन् ।

तस्कर समूहले आक्रमण गरेपछि सशस्त्र प्रहरीले आफ्नो सुरक्षाका लागि प्रतिकारमा चार राउण्ड हवाई फायर गरेको झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले जानकारी दिए । गौरीगञ्ज गाउँपालिका-५स्थित डाँगीटोलामा शनिवार राति साढे ११ बजेको समयमा सीमा गस्तीमा खटिएका सशस्त्र प्रहरीको टोलीमाथि ४० देखि ५० जनाको संख्यामा आएका भारतीय तस्कर समूहले आक्रमण गरेका थिए । भारतीय तस्कर समूहले सरसामान तस्करीको माध्यमबाट नेपाल छिराउन नसकेको निहुँमा सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई निशाना बनाएको प्रत्यक्षदर्शीको भनाइ छ ।



तस्वीरः फायल

सीमा पिलर नम्बर १५२देखि करिब तीन सय मिटर पूर्वमा रहेको अस्थायी सशस्त्र प्रहरी पोष्टमाथि तस्कर समूहले आक्रमण गर्दा सशस्त्र प्रहरी जवान रोमन बस्नेत र बिदुर खत्री घाइते भएका हुन् । उनीहरूको टाउको र हातमा चोट लागेको बताइएको छ ।

घरेलु हातहतियारसहित आएका भारतीय तस्करहरूले त्यहाँ स्थापना गरिएको अस्थायी पोष्टमाथि आक्रमण गरेपछि स्थितिलाई नियन्त्रणमा लिन सशस्त्र प्रहरीले चार राउण्ड हवाई फायर गरेको सीमा सशस्त्र प्रहरी बल गौरीगञ्जका प्रहरी निरीक्षक साईमण श्रेष्ठले जानकारी दिए । सशस्त्र प्रहरीले हवाई फायर गरेपछि उनीहरू भारततर्फ भागेका थिए । यता घटनापछि सशस्त्र प्रहरी बल २ नम्बर गणका झापाका एसपी रेशमकुमार थक्सू आइतबार बिहान घटनास्थल पुगेर घटनाको विषयमा भारतीय एसएसबीसँग छलफल गरेका छन् ।

कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि सीमा खटिएका सुरक्षाकर्मीका कारण भारतीयहरूले सरसामान नेपाल ल्याउन नपाएको र नेपाली जमिनमा पनि जोतभोग गर्न नपाएपछि उनीहरू पटक-पटक झापामा सशस्त्र प्रहरीमाथि आक्रमण गर्दै आइरहेका छन् ।

यसअघि पनि भारतीय पक्षले कचनकवल गाउँपालिका-१ केराबारीस्थित समरभिट्टा बस्तीदेखि पूर्वमा रहेको १२२ नम्बर पिलर नजिकै सशस्त्रको अस्थायी पोस्टमा आक्रमण गरेका थिए । भारतीयको आक्रमणबाट पोस्टमा क्षति पुगेको थियो, भने सशस्त्र प्रहरीले दुई राउण्ड हवाई फायर गरेका थिए । त्यस्तै सोही गाउँपालिका १ घेरावारीस्थित १२५-१० नम्बर पिलरको सुरिभिट्टा–झण्टुबस्ती नजिकैको अस्थायी सशस्त्र प्रहरीको पोष्ट र घेरावारीको चमारभिट्टा र केचनाको खुट्टामनि सीमामा पनि सशस्त्र तथा नेपाल प्रहरीमाथि भारतीय नागरिकले आक्रमण प्रयास गरिसकेका छन् ।

त्यसैगरी झापा गाउँपालिका-४स्थित सुकुम्वासी बस्ती नजिक रहेको १३१ नम्बर सीमा पिलरमा सशस्त्र प्रहरीले दुई राउण्ड हवाई फायर गरेका थिए । भारतीय नागरिकलाई नेपाल प्रवेश गर्न नदिएको भन्दै डेढ सयभन्दा बढी भारतीय नागरिक आएर आक्रमणको प्रयास गरेको बताइएको छ ।

## झापामा अपराध घट्यो

**बिर्तामोड, साउन ४।** जघन्य अपराधका घटनामा कमी आएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

विगत वर्षभन्दा ०७६/०७७मा गरेका काम कारवाहीमा प्रगति भएको र प्रहरीको सक्रियताका कारण अपराधमा कमी आएको प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिएका छन् ।



आइतबार पत्रकार सम्मेलन गर्दै जिल्ला प्रहरी कार्यालय झापाद्वारा आयोजित वार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै प्रहरी उपरीक्षक कोइरालाले यस्तो जानकारी दिएका हुन् । झापाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक कोइरालाले मुद्दा दर्ता, भौगोलिक क्षेत्र अनुसार मुद्दा दर्ता, आत्महत्या सम्बन्धी घटना, यौनजन्य अपराध, लागूऔषध सम्बन्धी अपराध, ठाडो उजुरी, अवैध चोरीतस्करी नियन्त्रण, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, सामुदायिक प्रहरी साझेदारी कार्यक्रम, नगरपालिका तथा गाउँपालिकाको न्यायिक समितिमा परेका उजुरीको विवरण, सवारी दुर्घटना तथा ट्राफिक व्यवस्थापन र फैसला कार्यान्वयनका बारेमा अघिल्लो वर्षसहितका विवरणका आधारमा समीक्षा गरेका थिए ।

पत्रकार सम्मेलनमा बोल्दै कोइरालाले तीन वर्षमा चार हजार तीन सय २१ वटा मुद्दा दर्ता भएको जानकारी दिए । तीन वर्षको तथ्याङ्कको तुलनामा गत आर्थिक वर्षमा मुद्दा दर्ताको संख्या घटेको छ । कोरोना भाइरसको रोकथाम तथा न्यूनीकरणको लागि भएको लकडाउन, समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका सचेतनामूलक कार्यक्रम, अपराध नियन्त्रणमा भएको प्रहरी नागरिक सहकार्य, सघन गस्ती, चेकजाँच, मानिसको चेतनाको स्तरमा बृद्धि, प्रहरीको सक्रियता आदिका कारण मुद्दा दर्ताको संख्या घट्दै गएको कोइरालाको भनाइ छ ।

पत्रकार सम्मेलनमा इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख प्रहरी नायब उपरीक्षक मुकुन्द रिजालले बिर्तामोड क्षेत्रमा भएका घटनाका विषयमा बारेमा जानकारी दिएका थिए । उनले प्रहरीको सक्रियताका कारण अपराध न्यूनीकरणमा सहयोग पुगेको उल्लेख गरे । त्यस्तै काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखेलले पूर्वी नाकामा लागूऔषधका घटनामा कमी ल्याउन सफल भएको उल्लेख गरे । उनले काँकरभिट्टामा नागरिक सँगको सहकार्यमा अपराधका घटनामा कमी ल्याउन सफल भएको बताए ।

दमकका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले दमकमा पनि अपराधका घटनामा कमी आएको तथ्याङ्क प्रस्तुत गरे । प्रहरीले तीन आर्थिक वर्षको आत्महत्याको पनि विश्लेषण गरेको छ । आव ०७४/०७५मा २४७ जनाले आत्महत्या गरेको उल्लेख गरिएको छ । तथ्यांक अनुसार ०७५/०७६मा २८८ र ०७६/०७७मा २२३ जनाले आत्महत्या गरेका छन् ।

०७५/०७६ को तुलनामा ०७६/०७७मा २३ प्रतिशतले आत्महत्याको घटना कम भएको छ । जिल्लाभरका आत्महत्याका घटना ६५ प्रतिशत नगरपालिका र ३५ प्रतिशत गाउँपालिकामा भएको छ । त्यसमध्ये झुण्डिएर आत्महत्या गर्नेको संख्या दुई सय छ । आत्महत्या गर्नेहरु १८देखि २५ वर्ष उमेर समूहमा सबैभन्दा धेरै छन् । त्यसमा पनि ५९ प्रतिशत पुरुष छन् । तथ्याङ्क अनुसार सबैभन्दा धेरै घरायसी समस्याका कारण आत्महत्या गरेको प्रहरी जनाएको छ ।

झापा प्रहरीले यौनजन्य अपराध, लागूऔषध, भन्सार छली निकासी, चोरीपैठारी नियन्त्रण, समुदाय प्रहरी साझेदारी कार्यक्रम, फैसला कार्यान्वयन लगायतमा गरेको काम कारवाहीको बारेमा जानकारी दिइएको छ । सबै क्षेत्रमा प्रहरीले पछिल्लो समय सुधार गर्दै आएको विवरणमा देखिएको छ । झापा प्रहरीले ०७६/०७७मा जम्मा ९० जना फरार अभियुक्तलाई पक्राउ गरेको उपरीक्षक कोइरालाले जानकारी दिए ।

अपराधको विश्लेषण गर्दै प्रहरीले १५ वटै स्थानीय तह र वडाको समेत विभाजन गरेर अपराधको वर्गीकरण गरेको छ । आगामी दिनमा अपराधको पहिचान गरेर कसरी अघि बढ्ने भन्ने विषयमा सबै प्रहरी युनिटको अपराधको लेखाजोखा गरेर अघि बढ्ने बताइएको छ । पत्रकार सम्मेलनमा प्रहरीले नागरिकको चेतना स्तरवृद्धि भएकै कारण अपराधका घटनामा कमी आएको तथा प्रविधिको प्रयोगका कारण अपराधमा संलग्नहरुलाई कानूनी कारबाहीमा ल्याउन सफल भएको प्रहरी प्रवक्ता समेत रहेका प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए ।

## पाथीभरा र कञ्चनजंघा सीमा विवाद सर्वोच्चमा विचाराधीन

दिलकुमार लिम्बू

**ताप्लेजुङ, साउन ४।** ताप्लेजुङको प्रशिद्ध धार्मिकस्थल पाथीभरा र कञ्चनजंघा सीमा विवाद अहिले सर्वोच्च अदालतमा बिचाराधीन अवस्थामा भए पनि पाथीभरा क्षेत्र विकासको गुरुयोजना अनुसारको निमार्ण कार्य अगाडि बढिरहेको पाइएको छ ।



कञ्चनजंघा संरक्षण क्षेत्र सीमा निर्धारण नेपाल सरकारले २०५५ भदौ २६ प्रकाशित राजपत्रमा ३७६० मिटर उचाइमा अवस्थित पाथीभरा मन्दिरलाई भित्र पारी कञ्चनजंघा संरक्षण क्षेत्र घोषणा गरेको थियो । यता पाथीभरा क्षेत्र विकासको गठन आदेश २०५१लाई पहिलो संशोधन राजपत्र अनुसार कञ्चनजंघा संरक्षण क्षेत्रको तीन किलोमिटर भू-भाग पाथीभरामा पर्न गएको छ । पाथीभरा क्षेत्र विकास गठन पहिलो संशोधन २०७५ चैत १८ गते नेपाल सरकारले राजपत्रमा प्रकाशित गरे अनुसार पाथीभरा मन्दिरबाट तीनकिलो मिटर फक्ताङ्लुङ गाउँपालिकाको वडा नम्बर ३ लिङ्खिम र वडा नम्बर ४ तापेथोकको भू-भागलाई समेटेर राजपत्रमा प्रकाशित भएको थाह पाएपछि कञ्चनजंघा संरक्षण व्यवस्थापन परिषद् अध्यक्ष खगेन्द्र लिम्बू फेम्बूले पाथीभरा विकास समिति, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन मन्त्रालय र फुङ्लिङ नगारपालिकालाई विपक्षी बनाएर २०७६ फागुन २ गते सर्वोच्च आदालतमा रिट दायर गरेसँगै अहिले लकडाउनको कारणले पाथीभरा क्षेत्र विकासको भू-भाग र कञ्चनजंघा संरक्षण क्षेत्रको भू-भाग तथा सीमा विवाद सर्वोच्च आदालतमा विचाराधीन अवस्थामा रहेको कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् अध्यक्ष फेम्बूले बताए ।

यता पाथीभरा क्षेत्र विकासले पाथीभराको संरक्षण र विकासको लागि गुरु योजना निमार्ण काम अगाडि बढाउन सर्वेको काम भइरहेको पाथीभरा क्षेत्र विकासका कार्यकारी निर्देशक मनमणि काफ्लेले

(बाँकी अन्तिम पृष्ठमा)

## फिरौती खाएर भाञ्जाको 'ज्यान लिने' मामा

**काठमाडौँ, साउन ४।** 'रक्षक नै भक्षक' भन्ने उखान नै छ । कहिलेकाहीँ आफन्त नै काल बनेर उभिन्छन् । संरक्षण दिनुपर्ने मान्छे बलात्कार, हत्या, हिंसामा उद्दत हुन्छन् । मुलुकमा पटक-पटक यस्ता घटना दोहोरिँदै पनि आएको छ । यस्तै खालको एउटा घटना १३ वर्षअघि काठमाडौँमा भएको थियो । 'बाह्र वर्षपछि खोलो पनि फर्किन्छ' भने झैँ अन्ततः उनी प्रहरीको नजरमा लुक्न सकेनन् ।

यसरी भाञ्जाको हत्या आरोपित एक भारतीयलाई महानगरीय अपराध नियन्त्रण महाशाखाको टोलीले शनिबार पक्राउ गरेको छ । अभियुक्त भारत बिहार, सीतामढी जिल्ला मुजफ्फरपुर घर भई तत्कालीन काठमाडौँ महानगरपालिका-२२ खिचापोखरी बस्ने ४५ वर्षीय राजेशकुमार गुप्ता हुन् । नेपालीलाई मतियार बनाएर अपरहण गरी उनले आफ्नै भाञ्जाको हत्या गरेको अभियोग लगाइएको छ । फिरौती लिएर पनि उनले भाञ्जालाई सकुशल छाडेनन् । बेलाबेलामा नेपाल आए पनि भारतमा लुक्दै आएका उनलाई तेह्र वर्षपछि प्रहरीले समातेको हो ।

त्यतिखेर ११ वर्षीय रोहित गुप्ता राय स्कूल जोरपाटीमा कक्षा ७मा अध्ययनरत्

(बाँकी अन्तिम पृष्ठमा)

## चिया आन्दोलन: सहमति नजिक

**इलाम, साउन ४।** लामो समयदेखि आन्दोलनरत् चिया किसानले पछिल्लो छलफलबाट आफ्ना माग सुनुवाइ हुँदै गएकाले सहमति नजिक पुगेको बताएका छन् ।

उद्योगले विभिन्न बहाना बनाएर हरियो चियाको दाम कम्ती दिएको भन्दै आन्दोलनमा होमिएका किसान अब भने चियाको उचित दाम पाउनेमा आशावादी देखिएका छन् । सूर्योदय नगरपालिकामा रहेका चिया उद्योगले बन्दाबन्दीको बहाना बनाउँदै नगरले तोकेको मूल्यभन्दा कम मूल्यमा चिया लिने बताएपछि किसान आन्दोलनमा होमिएका थिए ।

दुई वर्षअघि नगरपालिकाले हरियो चियापत्ती प्रतिकिलो मूल्य रु. ४० भन्दा कममा उद्योगले किन्न नपाउने भन्दै कार्यविधि नै बनाएको थियो । तर, अहिले उद्योगीले बन्दाबन्दीमा चिया बेच्न नसकिएका कारण व्यवसाय घाटामा गएकाले तोकिएको मूल्य दिन नसक्ने बताएका थिए ।

त्यसपछि आन्दोलनमा रहेका किसानले पछिल्लो समय उद्योगले माग सम्बोधन गर्न सकारात्मक रहेकाले सहमतितर्फ वार्ता पुगेको बताएका छन् । नगरपालिकाले समेत तोकिएको मूल्यमा किसानको चिया किन्न उद्योगीलाई आदेश दिएपछि उद्योगी माग पूरा गर्न सकारात्मक देखिएको सूर्योदय नगरपालिका-११ का चिया किसान सोनामछिरिङ काजीले बताए ।

नगरपालिकाले हरियो चियापत्तीको न्यूनतम् मूल्य रु. ४० कानूनमै लेखिएकाले उद्योगले पूरा नगरे कारवाही गर्ने बताएपछि उद्योगी सकारात्मक देखिएको सोनामले बताए । 'नगरपालिका, चिया किसान र उद्योगीबीच वार्ता बस्दा नगरप्रमुख रणबहादुर राईले कानूनको कुरा गरेपछि उद्योगी सकरात्मक हुँदै आएका हुन्' -उनले भने- 'धेरै उद्योगी अहिले पनि सकारात्मक हुनुहुन्छ । केही उद्योगीले मात्र कुरा बुझ्नुभएको छैन ।'

नगरका अधिकांश किसानले गुणस्तरहीन चिया कारखानामा ल्याउने भएकाले तोकिएको मूल्य दिन नसकेको उद्योगीले बताएका थिए, तर किसानले भने सबै चियालाई कारखानाले एकै दाम दिने भएकाले चियामा गुणस्तर कायम गर्न नसकेको बताएका थिए । 'कारखानाले सबै चियाको दाम एकै किसिमको दिन्छ' -सोनामले भने- 'डोकोमा लगेको, बोरामा खाँदेको वा एक पात दुई सुइरो वा आठ इञ्च लामो सबै चियाको दाम एउटै मापदण्डमा राखेपछि गुणस्तर कम भएको हो ।'

उद्योगीले गुणस्तरीय चिया मात्र किनेमा आफूहरू गुणस्तरीय चिया बनाउन पनि तयार रहेको सोनामले बताए । उद्योगले चियाको गुणस्तर अनुसार प्रतिकिलो रु. ४० देखि रु. एक सय पाँचसम्म दाम दिन सकिने बताएपछि तोकिए अनुसारको चियाको दाम नदिने गरेको किसानले बताएका छन् । तोकिएकै दाम दिने उद्योगले कबोल गरेर चिया लिए पनि भुक्तानीको समयमा तोकिए जति दाम नपाउने गरेको अर्का चिया किसान डम्बर कटुवालले बताए । 'हामी सबै किसान पढेलेखेका पनि छैनौँ । पहिले राम्रै दाम दिने भनेर चिया किने पनि पछि कम दाम दिन्छन्' -डम्बरले भने- 'आफूले उत्पादन गरेको वस्तुको मूल्यमा समेत हामी ठगिँदै आएका छौँ ।'

यता उद्योगहरूले भने गुणस्तरीय चिया आए तोकिए (रु. ४० प्रतिकिलो) भन्दा बढी पनि मूल्य दिएर किन्ने बताएका छन् । किसानको चियामा गुणस्तर नहुने भएकाले नै कम मूल्य दिनुपरेको

(बाँकी अन्तिम पृष्ठमा)

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# प्रतिष्ठानद्वारा अभियानलाई सहयोग रकम हस्तान्तरण



**झापा, साउन ४।** समुदाय, सहकारी र सरकारको सामुहिक पहलमा झापामा स्थापना हुन लागेको पीसीआर परीक्षण प्रयोगशालाका लागि गोपीकृष्ण स्मृति प्रतिष्ठानले २५ हजार एक सय १५ रुपैयाँ सहयोग स्वरुप प्रदान गरेको छ ।

प्रतिष्ठानले आइतवार एकका लागि एक अभियानका सहसंयोजक बिनोद बस्नेत र सदस्यहरु केदार गिरी, मिजास पोखरेलको उपस्थितिमा उक्त रकम प्रदान गरेको हो ।

स्वर्गीय पत्रकार गोपीकृष्ण खनालको स्मृतिका स्थापित प्रतिष्ठानले दोस्रो स्मृति दिवसको सन्दर्भ पारेर ल्याब स्थापनार्थ सहयोग प्रदान गरेको प्रतिष्ठानकी संरक्षक रुपादेवी खनालले बताइन् ।

प्रतिष्ठानले स्वर्गीय खनालको जीवनी समेटिएको वृत्तचित्र समेत सार्वजनिक गर्दैछ । पत्रकार साहित्यकार तथा सामाजिक संघ-संस्थामा क्रियाशिल खनालको दुई वर्ष अघि सवारी दुर्घटनामा परी निधन भएको थियो ।

संक्षिप्त स्मृतिसभाको आयोजना गरेर प्रतिष्ठानले सहयोग रकम हस्तान्तरण गरेको सचिव डाक्टर पुण्यप्रसाद सिग्देलले बताए । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष खगेन्द्र खनाल,उपाध्यक्ष नैनकला भट्टराई लगायतको उपस्थिति रहेको थियो ।

# विदेशमा कोरोनाबाट थप १६ नेपालीको निधन

**झापा, साउन ४।** विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणका कारण विदेशमा यस साता थप १६ नेपालीको निधन भएको छ । गैरआवासीय नेपाली सङ्घ, स्वास्थ्य समितिका अनुसार यस साता कतारमा आठ, युएईमा पाँच र कुवेतमा तीन जनाको निधन भएको हो ।

कतारमा निधन भएका आठमध्ये दुई जनाको निधन हुनु अघि कोरोना सङ्क्रमण पुष्टि भएको र बाँकी छ जनाको निधनपछि कोरोना पोजेटिभ देखिएको समितिले जनाएको छ । शनिबार साँझसम्म १४ देशमा १६० नेपालीको कोरोना सङ्क्रमणका कारण निधन भएको समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिए ।

सङ्घका अनुसार जम्मा कोराना सङ्क्रमित नेपालीमध्ये ९३ प्रतिशत कोरोना सङ्क्रमणबाट मुक्त भएका छन् । अफ्रिकी मुलुकमा कोरोना भाइरसबाट सङ्क्रमित नेपालीमध्ये सबै मुक्त भएका छन् । साथै मध्यपूर्वका केही देशमा रहेका नेपालीमा भने अझै कोरोना भाइरसको सङ्क्रमण नरोकिएको सङ्घले आज विज्ञप्तिमार्फत जनाएको छ ।

हालसम्म विभिन्न देशमा कूल ३० हजार ५७१ सङ्क्रमित नेपालीमध्ये २८ हजार ६८१ जना सङ्क्रमणमुक्त भएको सङ्घको तथ्याङ्क छ । यसैगरी भारत, साउदी अरेबिया, युएई र कुवेतमा मात्र यस साता ९५० नेपालीमा कोरोना सङ्क्रमण देखिएको समितिले जनाएको छ ।

# इस्टुले बुझायो ध्यानाकर्षण-पत्र

**भद्रपुर, साउन ४।** संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) भद्रपुरले सदरमुकाम भद्रपुरमा शुरू गर्न लागिएको पठनपाठन सम्बन्धमा गम्भीर ध्यानाकर्षण गराउँदै प्याब्सन, एनप्याब्सनको असार ३१ गतेको निर्णय सच्याउन माग राखी ध्यानाकर्षण-पत्र बुझाएको छ ।

गत शैक्षिक वर्षको विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई दिइनुपर्ने पारिश्रमिक नदिइ प्याब्सन, एनप्याब्सनको नाममा राज्यको कानून विपरीत साउन १ गतेबाट बेतलवी बिदा दिने निर्णय गरेको बिरोधमा सदरमुकाम क्षेत्रमा सञ्चालन गरिन लागेको कक्षा बिगतका सहमति कार्यान्वयन नगरी सुचारू नगर्न अनुरोध गर्दै भद्रपुर नगरपालिका तथा नगर प्याब्सनलाई ध्यानाकर्षण-पत्र बुझाएको हो ।

नगर शिक्षा समितिका अध्यक्ष नगर प्रमुख जीवनकुमार श्रेष्ठलाई बुझाइएको ध्यानाकर्षण पत्रमा नगर सचिव खिलनाथ पाण्डे निकास, उपाध्यक्ष विदुर ढुंगाना तथा अध्यक्ष द्रोण अधिकारीद्वारा संयुक्त हस्ताक्षर गरिएको छ । ध्यानाकर्षण पत्रमा भनिएको छ- प्याब्सन, एनप्याब्सन भद्रपुर नगर समितिले इस्टुसित गरेको सहमति २०७७ साउन ४ गतेसम्म आइपुग्दा कार्यान्वयनको चरणमा पुग्न नसकेको प्रति गम्भीर आपत्ति प्रकट गर्दै ध्यानाकर्षण गराउन चाहन्छौं । जेठ १५ गतेभित्र भद्रपुर नगर क्षेत्रका प्याब्सन तथा एन प्याब्सनमा आबद्ध विद्यालयहरूले शैक्षिक वर्ष २०७६को बाँकी रहेको तलव भुक्तानी गर्ने सहमति भएकोमा हालसम्म २० वटाभन्दा बढी विद्यालयले तलब भुक्तानी गरेका छैनन् । शैक्षिक वर्ष २०७७ सालको ३ महिना पनि पूरा भयो । यस अवधिमा अधिकांश विद्यालयले भर्चुअल कक्षाका नाममा समेत शिक्षक कर्मचारी परिचालन गरिरहे । शिक्षक कर्मचारीले पटक-पटक तलव भत्ता मागे पनि विभिन्न बहाना बनाएर पारिश्रमिक दिइएन । यसबीचको अवधिमा नगर सरकारसित श्रमजीवी शिक्षक कर्मचारीको समस्या अवगत गराएर दुईपटक ज्ञापनपत्र पनि बुझायौं । नगर सरकारले भोकमरीमा परेका आफ्नै नगरका बासिन्दा समेत रहेका शिक्षक कर्मचारीको पक्षमा कुनै निर्णय र निकास दिन सकेन- ध्यानाकर्षण पत्रमा उल्लेख छ । तर, २०७७ साल असार २५ गते नेपाल सरकारले समेत गर्न नसकेको निर्णय भद्रपुर नगर सरकारले गरेको भन्दै ध्यानाकर्षण पत्रमा भद्रपुर नगर क्षेत्रमा विद्यालय सञ्चालन गर्न अनुमति दिने नगरपालिकालाई जानकारी थिएन ? कोरोनाको संक्रामक महामारीमा गरिने शिक्षणमा सहभागी हुने शिक्षक कर्मचारीको प्रतिनिधित्व सहित छलफल हुनुपर्ने थियो । यहाँ नगर क्षेत्रमा रहेका एक हजार दुई सय बढी शिक्षक कर्मचारीको सहमति नचाहिने तर ३३ वटा विद्यालयका सञ्चालकको स्वार्थ र आवश्यकता मात्र पूरा गर्न नगर सरकार गठन गरिएको हो - ध्यानाकर्षण पत्रमा भनिएको छ ।

प्याब्सन, एनप्याब्सनको नाममा २०७७ असार ३१ गतेको निर्णयले देशभरका संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई सामुहिक बेतलवी विदा दिने कानून विपरीतको कार्यप्रति संस्थागत विद्यालय शिक्षक युनियन भद्रपुर नगर समितिको समेत गम्भीर ध्यानाकर्षण भएको छ । भद्रपुर नगर प्याब्सनले २०७७ साल साउन १ गते बैठक मार्फत केन्द्रको निर्णय सदर गरिसकेको वर्तमान अवस्थामा यहाँ सञ्चालित विद्यालयहरूले शैक्षिक वर्ष २०७६ सालको शिक्षक कर्मचारीको पारिश्रमिक रोकेर अन्याय गरिरहेका थिए नै शिक्षक कर्मचारी निकाल्ने परिपञ्च रचेर सामुहिक विदा दिएको प्रति गम्भीर आपत्ति रहेको जनाइएको छ । वर्षभरि काम गरेका शिक्षक कर्मचारीलाई संरक्षण गर्नुपर्ने दायित्व भएका विद्यालय सञ्चालकहरूले काम गरेको समयको पारिश्रमिक समेत रोकेर बहाना बाजी गर्नु श्रमप्रतिको अपमान भएको इष्टुद्वारा प्रस्तुत ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

नगर सरकारसित रहेको नियमनको जिम्मेवारी र अधिकार प्रयोग गरी शिक्षक कर्मचारीको असारसम्मको तलव दिने वातावरण तयार गरिदिन ध्यानाकर्षणमा माग गरिएको छ । ध्यानाकर्षण-पत्रमा यदि नगर सरकारले शिक्षक कर्मचारीका समस्या समाधानका लागि पहल नगरे शान्तिपूर्ण रहेको आन्दोलनले अर्कै स्वरूप ग्रहण गर्न सक्ने चेतावनी समेत दिइएको छ ।

यसैबीच भद्रपुर प्याब्सन, एनप्याब्सनलाई जेठ ५ को सहमति कार्यान्वयन गर्न सुझाउँदै यस शैक्षिक वर्षको पठनपाठन सुचारू गर्ने निर्णयमा पुग्न माग राखी ध्यानाकर्षण पत्र बुझाएको छ । प्याब्सन भद्रपुर नगर अध्यक्ष डिल्ली दुलाललाई बुझाइएको ध्यानाकर्षण पत्रमा नगर सरकार, अभिभावक, शिक्षक कर्मचारी तथा बिद्यार्थीको भावनामाथि प्रहार गर्ने काम अविलम्ब रोक्दै जिम्मेवार बन्न अनुरोध गरिएको छ ।

## फिरौती ...

थिए । सहयोगीको साथ लिएर राजेशले वि.सं. २०६४ असोज २४ गते राति रोहितको अपहरणपछि हत्या गरेको आरोप लगाइएको छ । आफ्नै ज्वाइँलाई झुक्याएर फिरौती रकम लिएर पनि उनले हत्या गरेको आरोप महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक थापाले लगाए ।

राजेशले रोहितका बाबु वासुदेवसँग छोरा अपहरणमा परेकाले रु. दुई लाख पचास हजार फिरौती मागेका थिए । कुरा गर्दा रु. दुई लाख दिने सहमति भयो । उक्त सूचना प्रहरीमा आएपछि खोजतलासका क्रममा असोज २७ गते राति काठमाडौं महानगरपालिका -३२ कमलादीस्थित गणेश मन्दिर नजिक सडक पेटीमा प्लाष्टिकका बोरामा एउटा पोको फेला पऱ्यो । पोको खोल्दा भेटिएको शव रोहितको थियो ।

अनुसन्धानको सिलसिलामा ती अपहरणकाकी अरु कोही नभएर आफ्नै मामा राजेशकुमार रहेको खुलेपछि प्रहरीले खोजतलास तीव्र पारेको थियो । उनले आफ्ना पुराना सहयोगी (कामदार) धादिङका विष्णु सुनारसमेतको संलग्नतामा जादु सिकाउने बहानामा बालकलाई अपहरण गरेका थिए । बालकको हत्यापछि बोरामा हालेर खुद्रा सामान भएको भनी भरिया प्रयोग गरेर कमलादीमा लगी फ्याँकेको प्रहरीले जनाएको छ ।

योजनामुताविक सुनारले वाशुदेवलाई फोन गरेर फिरौती रकम बालकका मामा राजेशलाई पठाउन भने । सोही अनुसार फिरौती बुझ्न ज्वाइँकहाँ मामा पुगेका थिए । घटनापछि राजेशले फिरौतीबापतको रु दुई लाख बुझे । उनले वाशुदेवलाई ट्याक्सीमा आएका अपरिचित व्यक्तिले थानकोटको त्रिभुवन पार्कबाट लुटेको बहाना बुने ।

बालकका बुवा वासुदेवलाई समेत झुक्यानमा पारी राजेशले केही दिन अनुसन्धानमा सहयोग गरे जस्तो पनि गरे । पटकपटक प्रहरी कार्यालयमा पुगेर खोजतलामा सरिक भए । त्यसपछि छठको बहानामा घर जाने भनी उनी फरार भएका थिए ।

घटनामा संलग्न सुनार सोही साल मंसीर ८ गते नै पक्राउ परेपछि घटनाको रहस्य खुलेको हो । उनकै बयानका आधारमा प्रहरी राजेशसम्म पुगेको थियो । सुनार हाल कारागारमा छन् । फरार हुँदै आएका राजेश भने भारत पुगेको सूचना प्रहरीमा थियो । सुपुर्दगी ऐनअनुसार उनलाई ल्याउने प्रयास सफल हुन सकेन ।

उनी नेपाल आउजाउ गरेको सूचना प्राप्त भएपछि केहीअघि विराटनगरमा पक्राउ गर्न लाग्दा उम्किएका थिए । यसपटक उनी सर्लाहीमा रहेको महानगरीय अपराध महाशाखामा सूचना आयो । तत्काले टोली पठाएर शनिबार सर्लाहीको मलङ्गवाबाट महाशाखाको टोलीले उनलाई पक्राउ गरेको हो । वासुदेवको काठमाडौंमा कपडाको पसल छ । पहिले राजेश पनि कपडाको थोकव्यापार गर्थे । घाटा लागेपछि पेशा छाडेर धेरै कमाउने लोभमा अपराध कर्म गरेको खुल्न आएका प्रहरी वरिष्ठ उपरीक्षक थापाले बताए ।

## पाथीभरा ...

जानकारी दिए । गत ९ असारमा पाथीभरा क्षेत्र विकास समितिको आयोजना तथा पूरातत्व विभागको सहजीकरणमा ताप्लेजुङको सदरमुकाममा पाथीभरा क्षेत्र गुरुयोजना निर्माणको विषयमा सरोकारवालाहरुसँग अन्तरक्रिया समेत गरिसकेको छ । कुन-कुन स्थानमा के कस्तो संरचना हटाउनु पर्ने हो र कुन-कुन स्थानमा के कस्तो संरचना बनाउन पर्ने प्रारम्भिक सर्वे सम्पन्न भएपछि मात्र थाह हुने पाथीभरा क्षेत्र विकासका कार्यकारी निर्देशक काफ्लेले बताए ।

उता सर्वोच्च अदालतमा मुद्दा फैसला नभएसम्म दुई पक्षले कुनै पनि योजना निर्माण गर्न नहुने कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् अध्यक्ष फेम्बूले बताए । फेम्बुले भने- हामी विकास विरोधी होइनौं तर पहिला सीमा मिलाउनु पर्छ । पाथीभरालाई कति भू-भाग चाहिने हो यो पनि यकिन हुनुपर्दछ, सीमा यकिन नभएसम्म प्रमाणको आधारमा पाथीभरा मन्दिर कञ्चनजंघा संरक्षण क्षेत्रभित्र भएकोले आवश्यक परामर्श नै नगरी पाथीभरा क्षेत्र विकास समितिले गुरुयोजना ल्याएकोमा कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् अध्यक्ष फेम्बूले आपत्ति जनाए ।

पाथीभरा क्षेत्र गुरुयोजना निर्माणको कार्य शुरु भएसँगै लिम्बू जातिका समूदायहरुले इतिहास तथा प्रमाणको आधारमा पाथीभराको नाम मुक्कुलुङ राख्नुपर्ने माग राख्दै विभिन्न संघर्ष समिति निमार्ण गरी, संस्कृति पयर्टन तथा नागरिक उड्डयन मन्त्रालयमा ज्ञापन-पत्र बुझाएको छ ।

## चिया ...

उद्योगीले बताएका छन् । 'विषम् परिस्थिति छ, चिया बजारमा जानसमेत सकेको छैन, तर पनि चियाको गुणस्तरअनुसारको मूल्य दिन्छौं' -सूर्योदय चिया प्रोडक्सनका सचिव गोपाल कट्टेलले भने- 'हामी गुणस्तरीय चिया आएमा रु. ४० होइन रु. ९५ मा समेत किन्न सक्छौं ।' कट्टेलले बन्दाबन्दीका कारण चिया बेच्न नसकिएकाले चियाको अग्रिम भुक्तानी दिन नसकिएको बताए ।

नगरपालिकाले पनि तोकिएको भन्दा कम मूल्यमा किसानको चिया उद्योगले किन्न नसक्ने बताएको छ । चियाको मूल्य निर्धारण गर्दा उद्योगी, किसान, चिया बोर्ड सबैको छलफल भएकाले उद्योगले कानून अनुसार चल्नुपर्ने नगरपालिकाका आर्थिक विकास समितिका संयोजक देवेन्द्र शर्माले बताए ।


## जग्गा बिक्रीमा

**शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कट्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।**

**मो. ९८४२६५५९५०/९८०४९६९९९०**



## हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-४, झापाको प्रेस विज्ञप्ति

**विश्वरभर फैलिएको कोरोना भाइरस (Covid-19) को कारणले नेपालको सहकारी क्षेत्र समेत अत्यन्तै कठिन संक्रमणकालीन परिस्थितिबाट गुज्रिरहेको सर्वविदितै छ ।**

**१) नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेदेखि गरेको बन्दाबन्दी (Lockdown) को अवस्थामा पनि यस संस्थाले सदस्यहरुलाई मद्दत पुगोस् भनेर शून्य प्रतिशत ब्याजमा कर्जाको व्यवस्था, स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन, खाद्यान्न सामग्री वितरण, पालिकाहरुलाई आर्थिक सहयोग, नेपाल सरकार विपद व्यवस्थापन कोषलाई आर्थिक सहयोग, पीसीआर मेसिन खरिदमा सहयोग, कर्मचारी कोरोना बिमा, सदस्यहरुको कोरोना बिमा हप्ताको ६ दिन नियमित कार्यालय सञ्चालन र विपद व्यावस्थापन सहयोग जस्ता कार्यक्रम सञ्चालन गरेर सबैको अर्न्तहृदयमा हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था बस्न सफल भएको छ ।**

**२) यस संस्थाले सदस्यहरुलाई बन्दाबन्दी (Lockdown) अवधिको ४ महिना (२०७६ चैत्रदेखि २०७७ असार मसान्त) मा पाकेको ऋणको व्याजमा १० प्रतिशत छुट, हर्जाना जरिवाना मिनाह र स्वेच्छिक किस्ता तिर्ने व्यवस्था मिलाइएको समेत सहर्ष जानकारी गराउँदछौं ।**

**३) यस आर्थिक वर्ष २०७६/२०७७ को समाप्तिसँगै प्रतिकुल परिस्थितिका बाबजुद यस संस्थाले सहज र अनुकूल ढंगले पार गरेको सबैमा जानकारी गराउँदछौं । यसका लागि दिलोज्यान दिएर खट्ने सम्पूर्ण कर्मचारीहरु, संस्थालाई विश्वास गर्ने शेयर सदस्यहरु, नेपाल सरकार स्थानीय तह, शुभचिन्तकहरुको सहयोग र सद्भावबाट संस्थाको वित्तीय अवस्था अत्यन्तै सकारात्मक परिणामको रहेको जानकारी गराउन चाहन्छौं । साथै भविष्यमा पनि यस्तै सहयोगको अपेक्षासहित सबैमा हार्दिक कृतज्ञता, आभार र धन्यवाद व्यक्त गर्दछौं ।**

**भवानीप्रसाद दंगालः अध्यक्ष**



## क्रेन भाडामा चाहिए





अब बिर्तामोडमै २५ टन क्षमताको जापनीज क्रेन भाडामा उपलब्ध छ । चाहिएमा तत्काल सम्पर्क गर्नुहोला । साथै ग्रेडर, रोलर, ट्यांकर लगायतका निर्माण उपकरण भाडामा चाहिए सम्पर्क गर्नुहोला । गिट्टी, बालुवा लगायतका निर्माण सामग्री समेत उचित मूल्यमा उपलब्ध छ ।

**सम्पर्कः ०२३-४२१०५३/ ९८४२६२३६८६/ ९८५२६७२१०२**



## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**१ नं. प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने बारेको सूचना

**प्रथमपटक सूचना प्रकाशित मिति २०७७/४/५**

यस बिर्तामोड नगरपालिकाको लागि आ.व २०७७/२०७८ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधनसहित) मा भएको कानूनी व्यवस्था बमोजिम तपशिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व २०७५/०७६ को व्यवसाय नवीकरण भएको प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्रसहित स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपिसहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची-२ (क) बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

क) सामान आपूर्ति तर्फ
१. कार्यालय सामान, स्टेशनरी तथा मसलन्द
२. छपाई सम्बन्धी (प्रेस सम्बन्धी कार्य)
३. कम्प्युटर, प्रिन्टर, फ्याक्स, फोटोकपी, स्क्यानर, युपिएस, कार्टेज, टोनर, लगायत नेटर्वकिङ्ग, स्विचिङ्गका ईलेक्ट्रोनिक्स सामान ।
४. सौर्य ऊर्जा सम्बन्धी सामान ।
५. जेनेरेटर तथा ए.सी. सामान ।
६. काठ तथा मेटलका फर्निचर तथा फर्निसिङ्ग ।
७. विभिन्न ब्राण्डका सवारी साधन तथा यान्त्रीक उपकरणहरुको स्पेयर पार्ट्स ।
८. कर्मचारीको पोशाक तथा सिलाई सम्बन्धी ।
९. साईन बोर्ड, होर्डिङ्ग बोर्ड, कपडा तथा फ्लेक्स व्यानर निर्माण र लेखन सम्बन्धी कार्य ।
१०. ईलेक्ट्रिक सामानहरु (सडक बत्ती र वाईरिङ्ग सम्बन्धी विद्युतीय सामान ।)
११. सेनेटरी तथा प्लम्बिङ्गका सामान ।
१२. निर्माण सामग्रीहरु (ह्युमपाईप, पोलिथिन पाईप, जि आई पाईप ।)
१३. निर्माण सामग्रीहरु ( सिमेन्ट, गिटी, बालुवा, ढुङ्गा, ईटा)
१४. पेट्रोलियम पदार्थ/इन्धन तथा लुब्रिकेन्ट ।
१५. हार्डवेयर तथा सरसफाई सम्बन्धी सामान ।
१६. फूल विरुवा तथा नर्सरीका सामानहरु ।
१७. अन्य विविध सामान आपूर्ति ।

ख) सेवा आपूर्ति तर्फ
१. कुरियर सेवा सम्बन्धी कार्य ।
२. विमा सेवा सम्बन्धी कार्य ।
३. ट्राभल ऐजेन्सी सम्बन्धी कार्यहरु ।
४. विज्ञापन/सूचना सम्बन्धी कार्यहरु ।
५. परामर्श सेवा प्रदायक (ईन्जिनियरिङ्ग डिजाइन, घरनक्सा डिजाइन तथा सुपरिभिजन र अन्य परामर्श सेवा प्रदायक)
६. निर्माण सेवा (कम्पनी/सार्वजनीक निर्माण सम्बन्धी कार्य )
७. इन्टरनेट तथा वेवसाइड/सफ्टवेयर डिजाईन निर्माण तथा मर्मत सेवा ।
८. गैरसरकारी संस्थाहरु (सेवा खरिद एवम् काम गराउने सम्बन्धी)
९. विभिन्न सवारी साधन मर्मत सेवा ।
१०. इलेक्ट्रोनिक सामान मर्मत सेवा ।
११. फर्निचर मर्मत सेवा ।
१२. अध्ययन अनुसन्धान सम्बन्धी परामर्श सेवा ।
१३. श्रव्य दृश्य सामग्री निर्माण ।
१४. अन्य विविध मर्मत सेवा ।

नोट : सूचीकृतका लागि निवेदन यस कार्यालयको जिन्सी शाखा र कार्यालयको वेभसाइड www.birtamodmun.gov.np मा गई डाउनलोड गर्न सकिने छ ।



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



## मौजुदा सूची दर्ता गराउने बारेको सूचना

**प्रथमपटक सूचना प्रकाशित मिति २०७७/०४/०५**

यस बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको लागि आ.व २०७७/२०७८मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधनसहित) मा भएको कानूनी व्यवस्था बमोजिम तपशिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रितपूर्वक यस कार्यालयमा आवेदन दर्ता गराउन हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

क). सामान खरिद, उपकरण मर्मत तथा आपूर्ति कार्य
१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) ।
२. छपाई सम्बन्धि । ३. पत्रपत्रिका तथा पुस्तकहरु ।
४. निर्माण सम्बन्धि । ५. कार्यालय फर्निचर तथा फर्निसिङ सामान तथा मर्मत सम्भार ।
६. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, यूपिएस, टोनर, काट्रिज, टेलिफोन सेट लागायत इलेक्ट्रोनिक्स र सो को पार्टस खरिद तथा मर्मत सम्बन्धि कार्य ।
७. विद्युतीय सामग्री आपूर्ति तथा मर्मत सम्बन्धि कार्य ।
८. सवारी साधन मर्मत तथा सोको स्पेयर पार्टस खरिद तथा मर्मत सम्बन्धी कार्य ।
९. सर्भे सम्बन्धी उपकरणहरु आपूर्ति तथा मर्मत समेत ।
१०. प्रयोगशाला सामान तथा उपकरणहरु आपूर्ति तथा मर्मत समेत ।
११. जि.आई तथा एच.डी.पिई. पाइप आपूर्ति सम्बन्धी कार्य ।
१२. आवश्यक औजार तथा फिटिङ्गस आपूर्ति सम्बन्धी कार्य ।
१३. अन्य विविध सामान आपूर्ति

ख) सार्वजनिक निर्माण तथा सम्भार कार्य
१. खानेपानी आयोजनाहरुको निर्माण तथा मर्मत संभार कार्य ।

ग). सेवा कार्य
१. विभिन्न Software निर्माण, परिमार्जन तथा आपूर्ति ।
२. सूचना प्रकाशन तथा प्रशारण सम्बन्धि ।
३. खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण तथा डिजाइन ।
४. विमा सम्बन्धी सेवा कार्यहरु । ५. कुरियर सम्बन्धी सेवा कार्यहरु ।
६. ट्राभल एजेन्सी सम्बन्धी कार्यहरु । ७. अन्य विविध मर्मत सेवा कार्यहरु ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**
१. नवीकरण सहतिको फर्म तथा इजाजत पत्रको छाँया प्रति ।
२. स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको छाँया प्रति ।
३. आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको छाँयाप्रति ।

**अन्य जानकारीहरु**
१. रीत नपुगेका, म्याद नाघेका र आवश्यक कागजपत्रहरु नभएको निवेदनउपर कारबाही हुनेछैन ।
२. सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
३. सूचीकृत भएका फर्म वा कम्पनीको सेवा सन्तोषजनक नभएमा मौजुदा सूचीबाट कुनै पनि समयमा हटाउन सकिनेछ ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## प्रविधिले अपराधलाई परास्त गरोस्

**प्रविधिले मानिसको जीवन पद्धति र स्तर उकास्न सहयोग गरेको छ । त्यहीकारण आज जनशक्तिको प्रयोग कम हुन थालेको छ भने परम्परागत प्रणाली विस्थापन हुने क्रममा छ । प्रविधिको उपयोगले जनशक्ति कम चाहिने, छिटो र धेरै उत्पादन हुने, लागत कम र श्रमको समेत बचत हुने कारणले प्रविधितर्फ मानिसका आकर्षण बढ्दै गएको हो । यस बाहेक सूचना, सञ्चार, यातायात, शिक्षा, स्वास्थ्य लगायतका पूर्वाधारहरुको निर्माण तथा बिस्तारमा समेत आज नवीनतम् प्रविधिको प्रयोग गर्न थालिएको छ । खोज, अनुसन्धान, तथ्यहरुको संकलन तथा पुष्टि गर्न समेत आधुनिक यन्त्र, उपकरण र प्रविधिको उपयोग गर्न थालिएपछि परिणाम छिट्टै र तथ्यगतरुपमा आउनेक्रम बढेको छ ।**

**इलाका प्रहरी कार्यालय अनारमनीले गत आर्थिक वर्ष घटेका आपराधिक कार्य र त्यसको अनुसन्धानबाट प्राप्त उपलब्धिका बारेमा जानकारी दिँदै अपराधका घटनामा कमी आएको जनाएको छ । प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले विगतको तुलनामा अपराधकर्ममा संलग्नहरुलाई छिट्टै पहिचान र पक्राउ गर्न सकिएको समेत बताए । अपराध कम गर्ने उद्देश्यले सडकमा सीसीटिभी जडान गरिएकोले अपराध कम हुनुका साथै त्यसमा संलग्नहरु पक्राउ गर्न सकिएको उनको भनाइ छ । उनले प्रविधिको प्रयोगले गत वर्ष भएका दशवटा अपराधका घटनाका दोषीलाई पक्राउ गर्न सहज भएको बताए ।**

**बिर्तामोड झापाको मुख्य बजार हो । आर्थिक कारोबारका दृष्टिले जिल्लाकै राजधानी सरहको बिर्तामोडमा चोरी, लुटपाटदेखि हत्यासम्मका घटनाहरु भएका छन् । इप्रका अनारमनीले बिर्तामोडसँगै अर्जुनधारा, कनकाई नगरपालिका र बाह्रदशी गाउँपालिकासम्मको क्षेत्रको शान्ति सुरक्षाका लागि काम गर्नुपर्छ । तर, भूगोलका हिसाबले इप्रकासँग जनशक्ति थोरै छ । यसो हुनुका पछि सडक, चोक र गल्लीहरुमा जडान गरिएको सीसीटिभीको प्रभावकारिता नै मुख्य हो । उसको पकड क्षेत्रभित्रका गतिविधिहरुको सम्पूर्ण चित्र त्यसमा कैद हुने कारणले प्रहरीलाई अनुसन्धान गर्न सहज भएको छ भने अपराध गर्नेहरुलाई हतोत्साही गरेको छ ।**

**इप्रका अनारमनीले अघिल्लो आर्थिक वर्षमा अपराध सम्बन्धी चार सय उनान्सय वटा मुद्दा दर्ता भएकोमा गत आर्थिक वर्षमा झण्डै आधा मात्रै दर्ता भएको जनाएको छ । अपराधका घटनाहरुमा जबरजस्ती करणी, ठगी, आत्महत्या आदि प्रमुख छन् भने चालू लकडाउनको अवधिमा आत्महत्या गर्नेहरुको संख्या बढेको छ । इप्रका, ट्राफिक प्रहरी कार्यालय र स्थानीय स्वयम्सेवी संस्थाहरुको सहकार्यमा सचेतनामूलक कार्यक्रमहरु समेत सञ्चालन भइरहेको र अत्याधुनिक प्रविधि सीसीटिभी जडान गरिएका कारण सवारी दुर्घटनामा समेत कमी आएको तथ्यांकले देखाएको छ । अकारण हुने क्षति कम गर्न प्रविधिसँगै सचेतना विस्तारको कार्यलाई निरन्तर र प्राथमिकताका साथ सञ्चालन गरिए सबैले निश्चिन्त जीवन बाँच्न पाउने छन् । यसका लागि प्रविधि जडानमा सहयोग गर्ने दाताहरु, संघ–संस्थासँगै शान्ति सुरक्षाको जिम्मा लिएका प्रहरी धन्यबादका पात्र छन् । सबैको सहकार्यमा 'रामराज्य' निर्माण गर्न सकियोस्, दैलो नलगाई निदाउन सकिने वातावरण बनियोस् हाम्रो शुभेन्छा ।**

# अब सच्चिने पालो दलहरुको



**राजकुमार पोखरेल**

वि.सं. २००७ सालपछि नेपालको कुनै सरकारले पाँच वर्ष शासन गरेको हामी नेपालीहरुले अहिलेसम्म भोगेका छैनौं । त्यसैले स्थिर सरकार कस्तो हुन्छ भनेर हरेक नेपालीको मनमा कौतुहल हुनु स्वभाविक हो । पछिल्लो समयमा जुनसुकै दलको भए पनि देशले स्थायी सरकार प्राप्त गरे हुन्थ्यो भन्ने धेरै नेपालीको चाहना थियो । किनकि अस्थिर सरकारका कारण देशले सही दिशा र गति लिन नसकेको हाम्रो बुझाइ रह्यो । हुन पनि देशमा राजनीतिक व्यवस्था परिवर्तन भयो । देश गणतन्त्रात्मक बन्न पुग्यो । राज्य शक्तिको श्रोत जनता हुन्- भनियो । तर, जनताले परिवर्तनको अनुभूति गर्न भने सकेनन् । सबै सरकारी निकायहरुको काम गर्ने शैली उस्तै रह्यो । पहुँचवाला र सर्वसाधारणमा उस्तै विभेद रह्यो । शिक्षा लिन महँगो शुल्क तिर्नुपर्ने भयो । जीवन रक्षाको लागि अस्पताल त गयो तर ऋणको बोझले कि मानसिक तनाव बोक्नुपर्ने कि त आत्महत्या गर्नु पर्ने अवस्था आयो । दुईछाक खानका लागि बिदेशिनु पर्ने भयो । सरकार बनाउन होस् या सरकार चलाउन बैदेशिक सरसल्लाह लिनुपर्ने भयो । देश सबै क्षेत्रमा परनिर्भर बन्दै गयो । धार्मिक, सांस्कृतिक, भाषिक र जातीय संरचनामा खलल पुग्न दिएर नेपाल र नेपालीको पहिचान गुम्ने स्थिति सृजना भयो ।

यस्ता धेरै कारणहरु छन्, जुन चाहिँ अस्थिर सरकारको कारण भएको हो भन्ने नेपालहरुको बुझाइ रह्यो । किनकि नेपालीले सबै प्रणाली र सबै पद्धति अवलम्वन गरे । सबै दलहरुले पालैपालो कहिले एक्लै र धेरै पटक मिलेर शासन गरे । सहमति र सहकार्यमा शासन गरे । पालैपालो प्रायः सबै नेताहरु प्रधानमन्त्री र मन्त्री बने । तर पनि देश र जनताले केही उपलब्धि हाँसिल गर्न सकेनन् । यसरी देशले गति लिन नसक्नुको कारण खोज्दै जाँदा दोष दिन मिल्ने एकमात्र कारण बाँकी रहेको देखियो, त्यो थियो अस्थिर सरकार ।

मौसम बदली भइरहे झैं घरी-घरी फेरिरहने सरकारबाट नेपालीहरु वाक्क-दिक्क भएका थिए । त्यसैले स्थायी सरकार माथिका सबै समस्याको निर्विकल्प समाधान हो भन्ने नेपालीले बुझ्न पुगे । त्यसैले निर्वाचनताका राष्ट्रवादी छवि बोकेर उदाउनुभएका केपी शर्मा ओली नेतृत्वको पार्टीलाई पुरै अवधि शासन गर्न जनताले अभिमत दिए । उहाँहरुले संसदमा दुई तिहाई बहुमत पनि पुऱ्याउनु भयो । छ वटा प्रदेशमा पनि नेकपा कै बहुमतको प्रादेशिक सरकार बन्यो । स्थानीय निकायमा नेकपा कै बहुमत रहे कै थियो । तर, फेरि पनि नेपाली जनताको चाहनामा बज्रपात पऱ्यो । दोषी देखिएको अस्थिर सरकार र स्थिर सरकारमा भिन्नता नै देखिएन । भ्रष्टाचारका काण्डहरुमा पहिलेदेखि मुछिएकाहरुलाई यो सरकारले ठिङ्गुरामा हाल्छ भन्ने आशा नेपाली जनताको थियो । तर, कार्वाही त परै जाओस् उल्टै यही सरकारका पालामा ठूला-ठूला भ्रष्टाचारका घटना घटेको सुन्न र पढ्न पाइयो । अझ त्यो त झन झाँगिँदै स्थानीय तहसम्म जरा गाड्न पुग्यो भनेर सुन्न-पढ्न पऱ्यो । अघिल्ला अस्थिर सरकारहरुले विधिको पालना गरेनन् । सर्वसाधारणलाई विभेद गरे भनेको सुनिन्थ्यो, तर यो सरकार त अन्य दलका मानिसहरु प्रति असहिष्णु नै बन्यो । स्थिर सरकार बलियो त हुने नै भयो । त्यसमा पनि दुई तिहाईको मात यति लाग्यो कि सरकारको कार्यशैली प्रति फरक मत राख्नेहरु माथि अरिङ्गाल झैं जाईलाग्न निर्देशन नै दिइयो ।

नेपालमा हिजैदेखि राजनीति सेवा नभएर पेशा व्यवसाय बनिरहेको हो । राजनीति गर्नेले वा उनीहरुसँगको पहुँच पुगेकाहरुले मात्र जागिर, व्यापार-व्यवसाय, उद्योग र ठेक्कापट्टा गर्न सक्ने परिवेश र परम्परा पहिलेदेखि नै चलिरहेको छ । यो सरकारले त्यसलाई निर्मूल पार्ला भन्ने जनअपेक्षा थियो । तर, यो सरकारले त्यसलाई झनै संस्थागत गरिदियो । यस्तो गतिविधिबाट सर्वसाधारण मानिसहरु मात्र होइन दलका नेता कार्यकर्ताहरु पनि असन्तुष्ट रहेको भेटिन्छ ।

मानव सभ्यतालाई चुनौति दिइरहेको कोभिड-१९ को महामारीमा सरकारले उल्लेख्य भूमिका खेल्न नसकेकोमा सबै जना झनै दुःखी छन् । लाभको पदमा बसेका वा उनीहरुको छत्रछायामा फस्टाउन पाएकाहरु पूर्ण सन्तुष्ट होलान् । तर, नेकपाभित्रको लाखौं इमान्दार कार्यकर्ता भने यस बेला निराश बनेका छन् । किनकि नेकपाको सरकार यति कमजोर होला भनेर अन्य दलका नेता कार्यकर्ता मात्र होइन आम नेपालीले पनि ठानेका थिएनन् । नेकपाका कार्यकर्ता र समर्थकहरुले त यो सरकारबाट ठूलै परिवर्तन हुने आशा बोकेका थिए । 'के सोचेँ मैले, के भयो अहिले' गीतको पंक्ति झैं सोचेको सबै उल्टो उनीहरुले पाए ।

यसरी नेपालमा पद्धति र प्रणाली परिवर्तन भएर केही उपलब्धि हुन सकेन, न स्थायी सरकार बनेर सोचे झैं प्रगति हुन सक्यो । अर्कोतर्फ विकल्प जति सकिएको देखिन्छ । सबै दोष देखाउने ठाउँहरु सकिए । पञ्चायत सकियो । राजसंस्था सकियो । एकात्मक राज्य प्रणाली सकियो । हिन्दूराष्ट्र सकियो । गणतन्त्र आयो । संघीयता आयो । धर्म निरपेक्षता आयो । जनताको छोराछोरी राष्ट्रपति, प्रधानमन्त्री बने । तर पनि उपलब्धि 'हात्ती आयो, हात्ती आयो फुस्स' झैं भयो । तर, अझै पनि दोष खोज्ने प्रवृत्ति सकिएन । नेपाली जनतालाई मुर्ख बनाउन सत्ताधारी दलभित्र दोषी खोज्ने अभियान चलिरहेको छ । एकले अर्कोलाई दोषारोपण गर्ने खेल खेलिँदै छ । नेतृत्व परिवर्तनको रस्साकस्सी शुरु भएको छ । यसले कस्तो कस्तो दुर्घटना निम्त्याउला अनुमान गर्न कठिन छ । तर, के व्यक्ति परिवर्तनले जादुको छडी झैं सबै परिवर्तन हुन सक्ला ? सबै अव्यवस्थित गतिविधि रातो रात व्यवस्थित बन्न पुग्ला त ? पक्कै पुग्दैन । किनकि नेतृत्व परिवर्तन भयो नै भने पनि कोही नयाँ व्यत्ति आउनेवाला छैन ।



सम्भाव्य नेतृत्व सबैको दक्षता, क्षमता, कार्ययोजना र कार्यशैलीको बारेमा सबै नेपालीहरु पूर्णरुपले परिचित नै छौं । त्यसैले सबै नेपालीहरुले अहिलेको परिस्थितिलाई गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ । त्यसमा पनि सबै राजनीतिक दलका युवाहरु त गम्भीर बन्ने मात्र होइन कि सजगताका साथ पार्टीको गतिविधिमा सक्रिय बन्नुपर्ने बेला आएको छ । नेपालमा कुनै पनि गतिविधि सुचारू रुपले सञ्चालन हुन नसक्नुमा पद्धतिको भन्दा नेपाली नेताहरुको प्रवृत्ति जिम्मेवार छ भन्ने निचोढमा पुग्न अब ढिलो गर्नुहुन्न । ओझेलमा पारिएको सबै राजनीतिक दलका नेता कार्यकर्ताहरुले पार्टीभित्र सशक्त रुपले संघर्ष गर्न थालनी गर्नुपऱ्यो । हिजो नेतृत्व प्राप्तिका लागि पार्टीभित्र तपाईंहरुले संघर्ष गर्नुभयो होला । अब पार्टी शुद्धीकरण र सुदृढीकरणका लागि फेरि एकपटक सबै राजनीतिक दलका इमान्दार कार्यकर्ताहरुले पार्टीभित्र संघर्ष शुरु गर्नुपऱ्यो । आम नेपालीहरु चाहे कुनै पेशाकर्मी हुन् वा मजदुर, किसान अथवा सञ्चारकर्मी हुन्, सबैले दलभित्रको कु-संस्कारलाई जरैदेखि फाल्न दलभन्दा माथि उठेर सहयोग गर्नुपऱ्यो । हिजो विभिन्न समयको जन आन्दोलनमा सबै नेपाली होमिए झैं दलहरुलाई शुद्धीकरण गर्न सबै जागरुक हुन ढिला भइसक्यो । महामानव वीपी कोइरालाले भन्नुभएको थियो कि- 'प्रजातन्त्र प्राप्ति पछि दलभित्र सुकिला-मुकिलाहरु हाबी हुने छन् । उनीहरुलाई हटाउन फेरि एकपटक आन्दोलन गर्नुपर्छ ।' त्यो आन्दोलन गर्न जति ढिलो गऱ्यो, देशले उति नै दुःखी रहनुपर्छ ।

सुकिला-मुकिला मानिसहरु भनेको सफा कपडा लगाउने र धन-सम्पत्ति भएको व्यक्ति भनेर पनि पार्टीभित्र अर्थ्याइएको पाइयो । तर, वीपीले भन्नुभएको व्यक्तिको प्रवृत्तिको बिषयमा हो । चाहे त्यो जेलनेल भोगेको नेता कार्यकर्ता नै किन नहुन, यदि ऊ दलको बिचार, सिद्धान्त, मूल्य, मान्यता र आदर्शलाई बिर्सन्छ र आफूलाई स्थापित गर्न खोज्छ भने त्यही हो सुकिला-मुकिला व्यक्ति । यस्तै व्यक्तिहरुका कारण अहिले दलीय व्यवस्था नै बदनाम हुन पुग्दैछ । यस्तै व्यक्तिहरुले राजनीति सेवालाई पेशा बनाएको देखेर युवावर्ग राजनीतिलाई फोहोरी खेल भनेर भाग्न थाले । यसरी भविष्यका कर्णधार युवापिढीलाई राजनीति घृणाको बिषय बन्यो भने देशको भविष्य अन्धकारमय हुने निश्चित छ । अहिले जो युवाहरु राजनीतिमा छन् उनीहरुले पार्टीलाई होइन आफूलाई स्थापित गर्ने फोहोरी खेल खेल्न सिकिसकेका छन् । त्यसैले यदि नेपाललाई माथि उठाउन परिवर्तनकारी काम गर्ने हो भने, दलभित्र मौलाएको व्यक्तिवादी चरित्र परिवर्तन गर्नुपर्छ । पार्टीको सिद्धान्त र आदर्शलाई जीवन्त राख्न नीतिवान र चरित्रवान नेता कार्यकर्तालाई अघि बढ्न पार्टीलाई प्रजातान्त्रिक बनाउनुपर्छ । भन्नलाई त हरेक पार्टी विधि-विधानले चल्ने भनिन्छ । तर, पार्टीलाई मुठ्ठीभर नेताहरुले पकडमा राखेका छन् । उनीहरुका आसेपासेले मात्र पार्टीमा चुनाव जित्ने र हारे पनि जिम्मेवारी पाएको हामी सबैले देखेको भोगेको नै बिषय हो ।

अहिले दलहरुको नेताका रुपमा परिचित व्यक्तित्वहरु यदि दललाई पूर्ण प्रजातान्त्रिक ढङ्गले सञ्चालन गर्ने हो भने भोलि उहाँहरुलाई खोज्न इतिहास पढ्नुपर्ने हुन्छ । यसबाट के बुझिन्छ भने दलभित्र नाम मात्रको प्रजातन्त्र छ । त्यसैले देश राम्रो बनाउने हो भने दल राम्रो बनाउनुपऱ्यो । अनि दल राम्रो बनाउने हो भने समाजले पत्याएको, योग्य, दक्ष, नैतिक, चरित्रवान, युवा व्यक्तित्वहरुलाई दलको नेतृत्वमा अघि बढ्न सक्ने विधान बन्नुपऱ्यो । दल बिधान अनुसार चल्नुपऱ्यो । दल बिधानसम्मत चले-नचलेको स्वतन्त्र निकायले सर्वेक्षण गरेर ग्रेडीङ गर्नु पऱ्यो र जनतालाई सुसूचित हुने मौका दिनुपऱ्यो ।

महामानव वीपी कोइराला, सन्त नेता कृष्णप्रसाद भट्टराई, लौह पुरुष गणेशमान सिंह, कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ, जननेता मदन भण्डारी, आदर्शवान नेता मनमोहन अधिकारी जस्ता धेरै-धेरै नेताहरु कार्यकर्ताहरुको त्याग र बलिदानबाट प्राप्त उपलब्धि रक्षा गर्ने हो भने उहाँहरुले देखाएको बाटोमा हिँड्न अब ढिलो गर्नुहुन्न । हाम्रो नियति नै यस्तै हो भनेर चुपचाप मुकदर्शक बनेर बस्नुको बदलामा आफू संलग्न दललाई दलको दर्शन, बिचार, सिद्धान्त अनुसार सच्चिएर हिँड्न अभिप्रेरित गरौं । किनकि देशमा अब परिवर्तन गर्न एकै चिज हामीसँग बाँकी रह्यो, त्यो हो दलका नेताहरुको व्यक्तिवादी स्वार्थी विचार ।

# साउन महिना र सोमबारको महत्व

साउन महिनामा नारीहरुका हातभरि चुरा र मेहेन्दी अनि विवाहित महिलाको गलामा हरियो पोते नेपाली समाजमा पर्यायवाची शब्द जस्तै बनेका छन् । साउन यस्तो विशेष महिना हो जहाँ साना बालिकादेखि हजुरआमासम्मको एउटै फेसन देख्न पाइन्छ । हातभरि हरियो चुरा र मेहेन्दी अनि हरीयो पोते । विवाहित महिलाले साउनमा हरियो चुरा हातमा मेहन्दी लगाउनाले श्रीमान्को आयु बढ्ने र अविवाहिता महिलाले लगाए मनले चिताएको पूरा हुने धार्मिक विश्वास पनि रहिआएको छ ।

एकातिर साउन महिनासँग हरियो चुरा र मेहेन्दीको धार्मिक, सांस्कृतिक महत्व जोडिएको छ भने अर्कोतिर नयाँ पुस्तामा यो फेसन बनेको छ । साउन महिना शुरु भएसँगै बजारमा हरियो चुरा, पोते र मेहेन्दीको रौनक यस्तो देखिएको छ । साउन महिन शुरु भएसँगै यस महिनमा पर्ने सोमबारको पनि त्यतिकै महत्व रहेको छ । साउन शिवजीसँग जोडिएको महिना हो । साउन महिनामा शिवको पूजा गरे सबै देवताको पूजा गरे बराबर फल प्राप्त हुन्छ भन्ने सनातन विश्वास छ ।

साउन महिना धार्मिक, प्राकृतिक एवम् सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण भएकाले यो महिनालाई विशेष रूपमा लिइन्छ । विशेषगरी साउनको सोमबार शिवजीको व्रत एवम् पूजा गर्ने चलन छ । पार्वतीले साउन महिनाभरि निराहर रही कठोर व्रत बसेर भगवान शिवलाई प्राप्त गरेको किम्वदन्ती सुनेका हुनाले महिलाहरूले यसलाई बढी महत्व दिन्छन् । साउनको महिना व्रत बसी शिवको पूजा गरे आफू, श्रीमान्, सन्तान एवम् परिवार सबैको कल्याण हुने धार्मिक विश्वास छ । महिनाको अरू दिन नसके पनि सोमबार व्रत बसी शिवलाई शुद्ध जल चढाएर खुशी बनाउन सकिन्छ भन्ने शास्त्रीय मान्यता छ ।

साउन महिना नै शिवलाई बढी प्रिय लाग्नुको कारण के हो भने यो महिनामा अधिक वर्षा हुन्छ जसले शिवको विषदग्ध तापयुक्त शरीरमा शीतलता प्रदान गर्छ । यो महिनामा प्रकृतिले नै रुद्रीभिषेक गर्छ । शिवपुराण अनुसार शिव स्वयम् जल हुन् । भगवान् शिवले सनतकुमारहरूलाई साउन महिनाको महिमा बताउने क्रममा भनेका छन्- मेरा तीन आँखामध्ये दाहिने आँखा सूर्य, बायाँ आँखा चन्द्रमा तथा बीचको आँखा अग्नि हुन् ।

हाम्रा महिनाहरूको नाम नक्षत्रका आधारमा राखिएको छ । श्रवण नक्षत्रको स्वामी चन्द्रमा हुन् । चन्द्रमा भगवान् शिवको मस्तकमा शोभायमान छन् । जब सूर्य मिथुनबाट कर्कट राशिमा प्रवेश गरेर साउन महिना शुरु हुन्छ तब सूर्य दक्षिणायन हुन्छन्, सूर्यको ताप कम तथा दिन छोटा हुन थाल्छन् । साथै सूर्यले ताप तथा चन्द्रमाले शीतलता प्रदान गर्छन्, यसकारण सूर्य कर्कट राशिमा आएपछि वर्षा हुन्छ र यसले शिवलाई प्रसन्न तुल्याउँछ ।



**साउने सोमवार**

साउने सोमबारका दिन भगवान् शिवको विशेष पूजाआराधना गर्ने परम्परा छ । ज्योतिषशास्त्र अनुसार सोमवारको स्वामी भगवान् शिव भएकाले यो दिनको शिवोपासना विशेष मानिन्छ । अझ यो महिनाको सोमवार गरिने शिवको व्रत पूजा विशेष फलदायी हुने मान्यता छ । यसदिन आफू र आफ्नो परिवारको सुस्वास्थ्य, दीर्घायु एवम् विभिन्न कामना गर्दै व्रत बस्ने परम्परा छ । हस्ता नक्षत्रयुक्त सोमबारको व्रतको प्रभावले पार्वतीले महादेव स्वामी पाएको प्रसंग पुराणमा पाइन्छ ।

हिन्दू धर्ममा साउनलाई धर्मकर्मको महिना भनिन्छ । यो महिनामा व्रत, दान, पूजापाठ आदि गर्दा धेरै गुना बढी फल प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ । पुराणहरूमा मुख्य तीनथरि व्रतको चर्चा पाइन्छ । ती हुन्- साउने सोमबार, सोह्र सोमबार एवम् सोम प्रदोष । सोमबारको व्रत विधि पनि अन्य व्रत जस्तै हुन्छ । यो व्रत सूर्योदयदेखि प्रारम्भ भएर तेस्रो प्रहरसम्म बसिन्छ । दिनको तेस्रो प्रहर अर्थात् करिब तीन बजेतिर शिवजीको पूजा गरी कथा सुन्नुपर्छ । व्रत गरेको दिन बेलुका एकपटक सात्विक भोजन गर्नुपर्छ । यसरी व्रत बस्दा सारा समस्या समाधान हुने जनविश्वास छ । यसपटक साउनको पहिलो सोमवार साउन ५ गते परेको छ । यस हिसाबले यो वर्ष साउनमा चार वटा मात्र सोमबार परेको छ । यो सौर गणनाको हिसाबले हो । तर, व्रत गर्दा धार्मिक कार्यका लागि चान्ऽ तिथिबारको प्रयोग गर्नु भन्ने निर्देश छ । चान्ऽ र सौर दुबै मिलेको भए अझै राम्रो ।

**शिव**

शिव वैदिक देवता हुन् । शिवको अर्थ कल्याण हो । विधिपूर्वक आराधना गर्दा उनी खुशी हुन्छन् र मनोकामना पूर्ण गरिदिन्छन् भन्ने विश्वास गरिन्छ । शिवको उपासना गर्ने परम्परा वैदिक कालदेखि नै चलेको मानिन्छ । वेदमा रुऽको रूपमा शिवको उपासना गरिएको छ । शुक्ल यजुर्वेदको सोह्रौ अध्यायमा रुऽका विभिन्न वर्णन गरिएको छ । सुख प्रदान गर्ने, पाप नाश गर्ने र भक्तलाई कल्याण गर्ने रूपमा शिवको उपासना गरिएको छ । पौराणिक ग्रन्थहरूमा ब्रह्मालाई सृष्टि, विष्णुलाई रक्षा र शिवलाई संहारका देवता मानिएको छ । शिवलाई सम्पूर्ण देवताका पनि देवता अर्थात् देवाधिदेव महादेव भनिएको छ । शिवको अर्थ कल्याण भएकाले विधिपूर्वक आराधना गर्दा उनी खुशी हुन्छन् र मनोकामना पूर्ण गरिदिन्छन् भन्ने विश्वास गरिन्छ । वेदमा रुऽको रूपमा शिवको उपासना गरिएको छ । शुक्ल यजुर्वेदमा सुख प्रदान गर्ने, पाप नाश गर्ने र भक्तलाई कल्याण गर्ने देवताको रूपमा शिवको उपासना गरिएको छ ।

**साउनमा रुद्री**

नेपाली समाजमा साउन महिनामा रुद्री लगाउने चलन छ । रुद्री भनेको शतरुद्रीय वैदिक मन्त्र पाठ गरी शिवलिङ्गमा अभिषेक गर्नु हो । विशेषगरी साउनको सोमवार पारेर तथा त्यसदिन नजुरे साउनकै अन्य कुनै दिन ब्राह्मणहरूद्वारा रुद्रीभिषेक गराइन्छ । रुद्रीमा वैदिक मन्त्रोच्चारणसहित जलधाराले शिवको अभिषेक गरिन्छ । धर्म, अर्थ काम र मोक्ष यी चार कुराको इच्छा गर्नेहरुले रुद्री पाठद्वारा आशुतोष भगवान् रुद्रलाई प्रसन्न पार्छन् । रुद्री प्रसन्न हुनाले सम्पूर्ण इच्छा पूर्ण हुन्छ भन्ने विश्वास गरिन्छ । भिन्न-भिन्न वस्तुले अभिषेक गरी रुद्रीपाठ गर्नाले भिन्नभिन्न कामना पूर्ण हुन्छन् भन्ने विश्वास छ ।

**साउने सोमबारका गन्तव्य**

साउने सोमवारका दिन देशभरिका शिवालायहरूमा भक्तजनको भीड लाग्छ । वरपरका शिवालयहरु श्रद्धालु साउन महिनाको सोमबारको प्रमुख गन्तव्य बन्ने गरेको छ । पौराणिक ग्रन्थहरूमा पशुपतिनाथको ठूलो महिमा बताइएको छ । त्यसैगरी धरानको पिण्डेश्वर, ललितपुरको कुम्भेश्वर, सन्तानेश्वर महादेव, खोटाङ हलेसी महादेव, काठमाडौंको कोटेश्वर, महोत्तरी जलेश्वर, म्याग्दीको गलेश्वर, काभ्रेको धनेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, रसुवाको गोसाइँकुण्ड, नुवाकोटको दुप्चेश्वर लगायतका शिवालयहरूमा साउने सोमबारका दिन विशेष घुइँचो हुन्छ । केही वर्षयता बोलबम यात्रा पनि चल्ने गरेको छ ।

# हाम्रो नेपालले गर्‍यो २९,३७,९२८ रुपैयाँ ब्याज मिनाह

**बिर्तामोड, साउन ४।** बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाले लकडाउन अवधिको २९ लाख ३७ हजार नौ सय २८ रुपैयाँ ब्याज मिनाह गरेको छ ।

संस्थाले लकडाउन अवधि २०७६ चैतदेखि २०७७ असार मसान्तसम्मको अवधिमा पाकेको ऋणको ब्याजमा १० प्रतिशत अर्थात् २९ लाख ३७ हजार नौ सय २८ रुपैयाँ ब्याज मिनाह गरेको संस्थाका अध्यक्ष भवानीप्रसाद दंगालले जानकारी दिए ।

संस्थाका १३ वटा सदस्य सेवाकेन्द्रमा आवद्ध दुई हजार तीन सय ३२ जना ऋणी सदस्यहरुको लकडाउन अवधि २०७६ चैतदेखि २०७७ असारमसान्तसम्मको अवधिमा लिएको ऋणको ब्याज दुई करोड ९३ लाख ७९ हजार दुई सय ७९ रुपैयाँको १० प्रतिशत अर्थात् २९ लाख ३७ हजार नौ सय २८ रुपैयाँ ब्याज मिनाह गरेको उनले बताए ।

त्यस्तै संस्थाले लकडाउन अवधि २०७६ चैतदेखि २०७७ असारमसान्तसम्मको अवधिमा लिएको ऋणको १२ लाख १४ हजार रुपैयाँ हर्जना जरीवाना मिनाह गरेको बताउँदै अध्यक्ष दंगालले ऋणी सदस्यहरुलाई ऋणको स्वेच्छिक किस्ता तिर्ने व्यवस्था मिलाइएको जानकारी दिए ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनका कारण व्यापार व्यवसाय ठप्प रहेकोले त्यसबाट ऋणी सदस्यहरुलाई परेको असरलाई मध्यनजर गर्दै ऋणी सदस्यहरुलाई उक्त सुविधा दिएको उनले वताए ।

शेयर सदस्यहरुको जीवनका अनेकन सुखदुःखका क्षणहरुमा हाम्रो नेपालको न्यानो साथ पाएको बताउँदै अध्यक्ष दंगालले कोरोना भाइरसको संक्रमणबाट बच्न तीन हजार शेयर सदस्यको कोरोना बीमा गरिएको बताए । त्यस्तै संस्थाले कर्मचारी, सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी गरी एक सय ५० जनाको कोरोना बीमा गरिएको उनले बताए ।



भवानीप्रसाद दंगाल, अध्यक्ष

लकडाउनको अवधिमा सदस्यहरुलाई थोरै भए पनि मद्दत पुगोस् भनेर शून्य प्रतिशत ब्याजमा कर्जाको व्यवस्था, स्वास्थ्य सचेतना सञ्चालन, बिर्तामोडका दुई सय १२ जना शेयर सदस्यलाई एक लाख ९० हजार रुपैयाँ वरावरको खाद्यान्न सामग्री वितरण गरिएको उनले बताए ।

त्यसैगरी संस्थाले बिर्तामोड नगरपालिकाले स्थापना गरेको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा एक लाख एक हजार रुपैयाँ, अर्जुनधारा नगरपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ, कनकाई नगरपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ प्रदान गरेको अध्यक्ष दंगालले बताए ।

त्यस्तै भद्रपुर नगरपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ, मेचीनगर नगरपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ ,शिवसताक्षी नगरपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ, गौरादह नगरपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ प्रदान गरेको उनले बताए ।

त्यसैगरी हल्दिबारी गाउँपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ, बुद्धशान्ति गाउँपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ, बाह्रदशी गाउँपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५१ हजार रुपैयाँ प्रदान गरेको उनले बताए ।

त्यसैगरी नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषमा ५१ हजार रुपैयाँ र 'एकका लागि एक' अभियानको अगुवाईमा जनस्तरबाट झापाको सुरुङ्गा कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाका स्थापनाका लागि झापा जिल्ला सहकारी संघले घोषणा गरेको सहकारी अभियान मार्फत एक लाख एक हजार रुपैयाँ प्रदान गरेको उनले बताए ।

विश्व कोरोना महामारीको संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेका बेला पनि सबैको सहयोगले संस्थाको वित्तीय अवस्था परिणाममुखी भएको र त्यस कार्यमा सहयोग गर्ने सबैलाई संस्थाका अध्यक्ष दंगालले धन्यवाद दिएका छन् ।

## दुर्घटनामा एनएमसी गौरीगञ्ज शाखा प्रमुखको मृत्यु



प्रदिप लम्साल

**झापा, साउन ४।** कमल गाउँपालिका-३ केर्खामा भएको मोटरसाइकल दुर्घटनामा नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको गौरीगञ्ज शाखाका प्रमुख २७ वर्षीय प्रदीप लम्सालको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी राकेश थापाका अनुसार शनिबार राति ११:५० बजे पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको अवस्थामा मे १० प ९८२६ नम्बरको मोटरसाइकल राजमार्गमा उभिएको राँगासँग ठोक्किँदा उक्त दुर्घटना भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक लम्सालको उपचारका लागि दमकको लाइफलाइन हस्पिटल लैजाँदै गर्दा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सो मोटरसाइकलमा पछाडि सवार २६ वर्षीय धर्मेन्द्र सुवेदी गम्भीर घाइते भएको र उनको विराटनगरको नोवेल हस्पिटलमा उपचार भइरहेको प्रहरीले जनाएको छ । मृतक लम्साल झापा गाउँपालिका-६ का बासिन्दा हुन् । उनी नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको गौरीगञ्ज शाखाका प्रमुख र घाइते सुवेदी शिवगञ्ज शाखाका प्रमुख थिए ।

## हराएका २० थान मोबाइल बुझाइयो

**सुनसरी, साउन ४।** इलाका प्रहरी कार्यालय इटहरीले बिभिन्न ब्राण्डका २० थान मोबाइल सेट फेला पारी सम्बन्धित मोबाइलधनीलाई बुझाएको छ ।

आफ्ना मोबाइल बिभिन्न स्थानहरुबाट हराएको तथा चोरी भएको भन्ने बिभिन्न ब्यक्तिहरुले दिएको निवेदनको आधारमा खोजतलास गर्ने क्रममा यसै महिनामा मात्र करिब पाँच लाख ९४ हजार दुई सय चालिस रुपैयाँ मूल्य बराबरका २० थान मोवाइल सेट फेला पारी सम्बन्धित धनीहरुलाई बुझाएको हो ।

इलाका प्रहरी कार्यालय इटहरीमा सीडीआर शाखा स्थापना भएदेखि हालसम्म बिभिन्न ब्राण्डका अन्दाजी ७२ लाख १८ हजार आठ सय ६० रुपैयाँ बराबरको दुई सय ९६ थान मोबाइल फेला पारी सम्बन्धित धनीलाई बुझाई सकिएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

## शहीद डिल्ली गौतमको स्मृति सभा

**सुरुङ्गा, साउन ४।** शहीद डिल्ली गौतम स्मृति प्रतिष्ठान सुरुङ्गाको आयोजनामा २७औं शहीद डिल्ली गौतम स्मृतिसभा सम्पन्न भएको छ ।

प्यारागन एकाडेमी सुरुङ्गाको सभाहलमा प्रतिष्ठानका अध्यक्ष रवीन्द्र लम्सालको अध्यक्षतामा भएको कार्यक्रम नेपाल कम्युनिष्ट पार्टी १ नं. प्रदेश कमिटी सदस्य एवम् झापा क्षेत्र नं. ४ का प्रदेश सभा सदस्य हीराकुमार थापाको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा नेता थापाले समाजमा शोषण, दमन, अन्याय र भ्रष्टाचार अहिले पनि विद्यमान रहेकाले नेकपा र निर्वाचित जनप्रतिनिधिले सबै विकृति र विसंगतिका विरुद्ध उभिनुपर्ने बताए । उनले कम्युनिष्ट पार्टीका कार्यकर्ता र पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुले आफ्ना कामकारवाही र आचरणको वस्तुनिष्ठ समीक्षा र सिंहावलोकन गर्न आवश्यक रहेको बताए ।

२०३६ सालदेखि नै विद्यार्थी आन्दोलनमार्फत कम्युनिष्ट पार्टीप्रति आकर्षित थापाले जनप्रतिनिधिहरु भ्रष्ट कर्मचारीसँग बहकिएर दिगभ्रमित हुन थालेकोमा चिन्ता व्यक्त गरे । दुईतिहाइ मतादेश प्राप्त नेकपाले अब जनपक्षीय काम गर्न नसकेको दोष अरुको थाप्लोमा हाल्न नमिल्ने उनको भनाइ थियो । कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेलले सम्पूर्ण नगरवासीको चाहना अनुरुप योजनाबद्ध रुपमा नगरको समस्त विकास निर्माणमा लागीरहेको बताए । नेकपा झापा जिल्ला सदस्य समेत रहेका मेयर पोखरेलले नगरपालिकाले खर्च कटौती गर्दै नगरपालिकामा सुशासन कायम गर्दै भ्रटाचारमुक्त नगर बनाउन क्रियाशिल रहेको जानकारी दिए ।

अन्याय, अत्याचार र विभेदका विरुद्ध लड्ने क्रममा डिल्ली गौतमको २०५० साल साउन ४ गते शहादत भएको थियो । उनी एक लगनशील, मेहनेती, कर्तव्यपरायण र कम्युनिष्ट विचारधाराप्रति गहीरो आस्था राख्ने मजदुर थिए । २०५० साल जेठ ३ गते चितवनको दासढुंगामा नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको रहस्यमय रुपमा हत्या भयो । त्यो हत्याकाण्डको विरुद्धमा देशव्यापी शोक फैलिएसँगै हत्याको सत्यतथ्य सार्वजनिक गर्न आन्दोलनको उभार उठ्यो । पार्टीको आयोजनामा झापाको दमकमा मजदुरहरुको जुलुश निस्क्यो । जुलुश अगाडि बढिरहेको बखतमा तत्कालीन प्रहरी निरीक्षक सुरेन्द्र सिंहले चलाएको गोली लागी गौतमले अमरत्व प्राप्त गरे । बचाउन सकिन्छ कि भनेर साथीहरुले अस्पताल लगे पनि त्यो प्रयास सफल भएन ।



शहीद डिल्ली गौतम

सो स्मृतिसभामा शहीदपत्नी देवका, आमा पुण्यवती लगायत परिवारजनको उपस्थिति रहेको थियो । नेकपा १ नं. प्रदेश कमिटी सदस्य प्रेमप्रसाद दाहाल, कनकाई नगरपालिकाका उपप्रमुख मञ्जु प्रसाई, नेकपा झापा स्कूल विभाग सदस्य अम्बिका उप्रेती, नेकपा झापा सचिवालय सदस्य गोपाल प्रसाई, जिल्ला सदस्य शारदा पाठक, पुराना वामपन्थी नेता गोकर्ण ओझा लगायतको आतिथ्य रहेको कार्यक्रममा झापा जिल्ला सचिवालय सदस्य जनार्दन उप्रेती, शहीदपत्नी देवका गौतम लगायतले शहीदले देखाएको बाटोमा इमान्दारिताका साथ लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा पार्टी कार्यकर्ता तथा जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमका अध्यक्ष लम्सालले प्रतिष्ठानले कनकाई नगरपालिका-१ मा ३ कठ्ठा प्राप्त गरेको र आगामी दुई वर्षभित्रमा उक्त स्थानमा सभाकक्ष तथा तालिमहल निर्माण गर्ने कार्ययोजना सुनाए । प्रतिष्ठानले स्थानीय, प्रादेशिक तथा संघीय सरकारको सहयोगमा समाजमा रचनात्मक कामहरु गर्ने बताए । प्रतिष्ठानका कोषाध्यक्ष चम्पा सुवेदीले औचित्यसहित स्वागत मन्तव्य राखेको कार्यक्रम सचिव विनोद रानामगरले सञ्चालन गरेका थिए ।





### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### सामाजिक सुरक्षा परिचय-पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सामाजिक सुरक्षा नियमावली, २०७६को नियम ९मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ साउन मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुबा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिनसक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/ वडासचिवले संकलन गर्नुपर्ने कागजातहरु**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हक जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्धबिच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
- एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्र ।
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस-पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

**बिर्तामोड नगरपालिका**

### पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर

## गोरखा डिपार्टमेन्ट स्टोर

**हाम्रा विशेषताहरू :**

- **अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल**
- **ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ**
- **पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी**
- **दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु**
- **तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा**
- **चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम**
- **पाँचौं तलामा : बेबी आइटम**
- **छैठौं तलामा : गोरखा किचेन**

**गोरखा डिपार्टमेन्ट स्टोर**
**धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४**

### हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड**
**नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)**

### बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
**(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा**
**फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८**


### नेपाल सरकार
### सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
### हुलाक सेवा विभाग
### झापा जिल्ला हुलाक कार्यालय
### भद्रपुर, झापा

## सटर भाडामा लगाउने बारेको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७७०४१०५)*

यस जिल्ला हुलाक कार्यालय भद्रपुर झापाको अगाडि रहेको र यस जिल्ला हुलाक कार्यालय झापा वा अन्तर्गत रहेकको इलाका हुलाक कार्यालय काँकरभिट्टाको कार्यालय भवनको भुईतलामा रहेका तपशिलका सटरहरू भाडामा लगाउनुपर्ने भएको हुँदा इच्छुक नेपाली नागरिक, व्यक्ति, फर्म संस्थाबाट तपशिलमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो ७(सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | विवरण | सटर संख्या | न्यूनतम मासिक भाडादर | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति | दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला हुलाक कार्यालय झापा | ३ | १८०३५।- | ३००।- | ७औं दिनसम्म २०७७।४।११ कार्यालय समयसम्म | ८औं दिन २०७७।४।१२ गते दिनको १२.०० बजेसम्म | ८औं दिन २०७७।४।१२ गते दिनको २.०० बजेपछि |
| २ | इलाका हुलाक कार्यालय काकरभिट्टा | ६ | ३७६७५।- | ३००।- | ७औं दिनसम्म २०७७।४।११ कार्यालय समयसम्म | ८औं दिन २०७७।४।१२ दिनको १२.०० बजेसम्म | ८औं दिन २०७७।४।१२ दिनको २.०० बजेपछि |

**शर्तहरू :**

१. दरभाउपत्र फारम खरिद गर्ने व्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र फर्म, संस्थाको हकमा संस्था दर्ता, नवीकरण भएको प्रमाण पत्र तथा करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
२. दरभाउपत्रमा कबोल रकम अंक र अक्षरमा प्रष्ट लेखी अधिकारवालको सहीछापसहित शिलबन्दी गरि यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।
३. कार्यालयमा दाखिला हुन आएका दरभाउपत्रहरू सूचना प्रकाशित भएको मितिले ८औं दिनको २.०० बजे कार्यालयले आमन्त्रित गरेका कार्यालय तथा दरभाउपत्र दाताका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । दरभाउ पत्रदाताका प्रतिनिधिहरू उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. शिलबन्दी खोलिने दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदा पछि कार्यालय खोलेको दिन सोही समयमा हुनेछ ।
५. यसको समयअवधि बढीमा २ (दुई) बर्षको हुनेछ ।
६. जिल्ला हुलाक कार्यालयको सटर र इलाका हुलाक कार्यालयक काँकरभिट्टाको सटरको दरभाउपत्र अलग अलग पेश गर्नु पर्नेछ ।
७. बढाबढको माध्यमबाट सटर भाडामा लगाइने हुँदा आवश्यक प्रक्रिया पूरा गरी पेश भएको सबैभन्दा बढी भाडा दिने इच्छुक ब्यक्ति, फर्म, संस्थाहरूको दरभाउपत्र स्वीकृत गरिने छ ।
८. धरौटी वापत आफूले कबोल गरेको मासिक भाडाले बार्षिक भाडाले हुन आउने १० प्रतिशत भाडा रकम कोष तथा लेखा नियन्त्रक कार्यालय झापाको नाममा रा.बा.बैक भद्रपुर शाखामा रहेको धरौटी खाता नं. २२१०२०३०००००० मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
९. सटर भाडा सम्झौता गर्दाको समयमा आफूले कवोल गरेको भाडाको हुन आउने ६(छ) महिनाको भाडा रकम धरौटी राख्नुपर्नेछ ।
१०. सटर भाडा वापतको मासिक रकम सम्झौता गर्दाको समयमा उक्त चालू महिनाको र अन्य महिनाको हकमा अग्रिम रूपमा महिनाको ७ गते भित्र बुझाई सक्नु पर्नेछ ।
११. सटर भाडामा प्राप्त गर्ने ब्यक्ति, फर्म, संस्थाहरूले मदिरा, मद्यपान आदि जस्ता स्वास्थयमा प्रतिकूल हुने होटल (पसल), प्रचलित कानूनले निषेध गरेका वस्तु तथा सेवाहरूको कारोवार गर्न पाईने छैन ।
१२. उक्त सटरहरूमा प्रयोग हुने धारा तथा विद्युतीय महशुल वापतको रकम प्रयोग गरेको आधारमा सटर भाडा लिने ब्यक्ति, फर्म, संस्था आफैले ब्यहोर्नु पर्नेछ ।
१३. अन्य कुराहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछन् ।



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मिहिनेतले फाइदा दिलाउनेछ । बुद्धिको उपयोगले जटिल ठानिएको काम सम्पादन होला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनको डर उत्साहमा रूपान्तरित हुनेछ । परिवारमा आमाको सहयोग लिंदा काम सम्पादन हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ काममा हात हाल्ने समय छ । केही संघर्ष गर्नुपरे पनि बिस्तारै फाइदा उठाउन सकिनेछ । व्यावसायिक काममा मनग्गे लाभ हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । सहयोगीहरूले हात झिक्नाले केही समस्या भने बढ्न सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** प्रतिस्पर्धीहरूले अलि दुस्ख देलान् । काममा सहयोगको आशा देखाउनेहरूबाट धोका पाइने सम्भावना देखिन्छ

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत गर्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत गर्नुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मौका पर्खंदा स्थितिमा सुधार आउनेछ । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला। धर्यधारण आवश्यक छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले समस्या निम्त्याउन सक्छ। महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पहिलेको सफलताले थप हौसला जगाउनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो आनन्द प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विगतका कमजोरी सच्याउन जुट्नुपर्ला। आगन्तुकले अलमल्याउने हुदा काम रोकिन सक्छ । जमघटका बीच स्वादिष्ट भोजन मिल्ला ।